MENU




# एएसडिपिले सुधार गर्दै कालीकोटका कृषकको जिवन

रुपेन्द्र ऐडी | ३ पौष

Facebook Twitter Viber More

१८१ पटक

**३ पौष**

कालीकोट । खाँडाचक्र २,गैरागाउँमा रहेको गैरागाउँमा बेमौसमी तरकारी मुल्य श्रृङखला विकास कार्यक्रमले सार्थकता पाएको छ। तरकारी उत्पादन कृषक समूह र कृषि क्षेत्र विकास कार्यक्रम(एएसडिपि) विच साझेदारीमा ५० प्रतिशत सह लगानीबाट सञ्चालन भएको कार्यक्रमले कृषकहरुमा उत्साह आएको छ ।

कृषि क्षेत्र विकास कार्यक्रम (एएसडिपि)को ५० प्रतिशतले २९ जनामा ४० हजारका दरले हनु आउने ११ लाख ६० हजार र समुहको ५०प्रतिशतले हुन आउने ११ लाख ६०हजार गरेर २३ लाख २० हजारमा कृषि खेति शुरु भएको एएसडिपिका कृषि प्राविधिक अनिपाल ऐडीले बताए । उनका अनुसार कृषक स्वँयमले ५०प्रतिशत सह लगानी गरेकाले हाल कृषकहरु तरकारी खेति तर्फ आकर्षित भएका छन । गैरागाउँमा कार्यक्रम सञ्चालन भएको केहि महिनामै सिचाइ कुलो निर्माण भएकाले कृषकहरूको खेतबारीमा सिचाइ समस्या पनि टरेकोमा कृषकहरु खुशि भएका छन ।

MENU







कृषि क्षेत्र विकास

कार्यक्रम अन्तरगत गैरागाउँमा अप्सरा विष्टले तरकारी खेति गरेर आफुले विगतको तुलनामा अहिले आम्दानि लिन सफल भएको बताएकी छन । उनले आफुले उत्पादन गरेको तरकारी व्यापारीले




बारीबाट उठाउन शुरु गरेको बताइन ।

त्यसै गरी दाहाँको नैनलदेव कृषक समुहका भिम कार्कीले कृषि क्षेत्र विकास कार्यक्रम अन्तरगत कृषि खेति गर्नुका साथै कृषि विकास बैंक संग विनाधितो ऋण ल्याएर अटो संचालनमा ल्याएका छन । उनले तरकारी बोक्नका लाग सहज भएको बताउदै गाउँको चर्को ऋण लिनु भन्दा एएसडिपिले सहकार्य गरेर कृषि विकास बैंक मार्फत कर्जा पाएको बताए ।

हाल कृषक समूह र तरकारी बिक्रीवितरण गर्ने व्यापारी बिच(वि टु वि लिंकेज)को दोहोरो सम्झौता गरेकाले हाल सोहि अनुसार व्यापारीले भने बमोजिम कृषकले तरकारी खेती गर्ने र कृषकको बारिमा उत्पादित तरकारी व्यापारी आफै घरखेत मै पुगेर खरिद गरेर लिने गरेकाले  त्यहाँका किसानहरू व्यावसायिक तरकारी खेती गर्न तिर केन्द्रित भएका छन ।
कृषि क्षेत्र विकास कार्यक्रम(एएसडिपि) संघिय कृषि तथा पशुपंछि विकास मन्त्रालय अन्तर्गतको (२०१९ देखि २०२५) सम्मको ६ वर्षे कार्यक्रम रहेकाले कृषकहरुलाई तरकारी खेतिमा मात्र नभई एएसडिपिले पशुपालन कृषकहरुलाई समेत सहयोग गर्दै आएको छ । अहिले कृषि क्षेत्र विकास कार्यक्रमले कर्णाली प्रदेशका १० वटै जिल्लामा सञ्चालित रहेको छ ।

यस कार्यक्रमले जम्मा १३ वटा मुल्य श्रृङखलामा काम गर्दै आएको बताइएको छ । हाल कालिकोट जिल्लामा खाँडाचक्र,राष्कोट र तिलागुफा नगरपालिकामा कार्यक्रम संचालित रहेको छ । जिल्लाको खाँडाचक्र नगरपालिकामा आ.व. २०७७—०७८ मा मात्र बेमौसमी तरकारी मुल्य श्रृङ्खला अन्तर्गत ११ वटा कृषक समुहका ३सय३ घरधुरीले थोपा सिचाइ सहितको प्लास्टिक टनेल , बीउ , जैविक विषादीका साथै प्रत्येक समुहमा सिचाइ पोखरी समेत पाएका छन भने दुग्ध मुल्य श्रृङखला विकास कार्यक्रम अन्तर्गत ४ वटा भैसिपान गर्ने कृषक समुहका ९६ कृषक सदस्यले १ —१ रोपनि बराबर उन्नत जातको घाँस खेति , घाँस काट्ने मेशिन र  भैसिको गोठ सुधार तथा प्रत्येक समुहमा १—१ वटा नश्ल सुधारका लागि उन्नत जातको राँगो समेत दिइएको छ । एएसडिपिको दुग्ध मुल्य श्रृङखला विकास कार्यक्रमले गर्दा जिल्लामा रहेको हिमचुलि डेरी उधोगमा दुधको मात्रा बढेको बताइएको छ।

लागि पोषण बगैंचा निर्माण र कृषि व्यावसाय गर्न महिलाको क्षमता विकासको लागि ४० दिने वित्तीय शिक्षा तथा व्यावसायिक साक्षरता कक्षा समेत सञ्चालन गरेको कृषि प्राविधिक ऐडीले बताएका छन ।

कृषि क्षेत्र विकास कार्यक्रमले मुल्य श्रृङखला विकास कार्यक्रमका साथै सामुदायिक तथा सार्वजनिक रुपमा प्रयोग हुने बाटो,पुल लगाएतका भौतिक संरचनामा समेत निर्माण गर्दै आएको छ ।




प्रतिकृया दिनुहोस्

**3 Comments** Sort by Oldest



Add a comment...



**Anipal Aidy**

thank you so much

Like · Reply · 3w



**Indira Bhandari**

Thanks for the post

Like · Reply · 3w



**Buddhi Lal Chaudhary**

Good news

Like · Reply · 2w

Facebook Comments Plugin